**तिनाउ गाउँपालिकाको १०७औं गाउँकार्यपालिकाको मिति २०८३।०४।२९ गतेका बैठकका निर्णयहरु:**

१. यस अगाडीको बैठकमा गरिएका निर्णयहरु बारे समिक्षा गरियो र कार्यान्वयनमा आएका निर्णयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र गर्न बाँकी निर्णयहरुलाई कार्यान्वयनको प्रकृयामा अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो।

२. तिनाउ गाउँपालिकाको आर्थिक बर्ष २०८३।०८४ को स्विकृत बार्षिक बिकास कार्यक्रम अन्तर्गत वडा कार्यालयहरुबाट विनियोजित गरिएको योजना तथा कार्यक्रमहरु प्रभावकारी रुपमा समयमै सम्पन्न गर्न प्रत्येक वडा कार्यालयहरुले उक्त योजना तथा कार्यक्रमहरुको खरिद बिधी उल्लेख गरि वडा समितिको निर्णय सहित एक हप्तामा गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।

३. चालू आर्थिक बर्षमा स्विकृत बार्षिक विकास कार्यक्रम अन्तर्गतका योजना तथा कार्यक्रमहरुको प्रभावकारीरुपमा समयमै कार्यान्वय गर्न उपभोक्ता तथा लाभग्राहीको प्रत्यक्ष योगदान रहने खालका योजना तथा कार्यक्रमहरु उपभोक्ता समिति मार्फत गराउन प्राथमिकता प्रदान गर्ने र कुल लागत अनुमान १० लाख रुपैयाँ भन्दा बढि भएका आयोजनाहरुको कार्यान्वयन ठेक्का प्रकृया द्धारा गर्न प्राथमिकता प्रदान गर्ने।

४. तिनाउ गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुबाट नियमित रुपमा औषधी तथा स्वास्थ्य सामाग्रीहरु खरिद गरि वितरण गर्नको लागि गाउँपालिका तथा संघीय सरकारबाट विनियोजित रकम अभाव भएकोले गाउँपालिको स्विकृत कार्यक्रम लागत साझेदारी शिर्षकबाट रु. ३ लाख रुपैंयाँ स्रोत सुनिश्चित गरि खरिद प्रकृया अगाडी बढाउने।

५. तिनाउ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयले चालू आर्थिक वर्ष २०८३।०८४ मा खरिद गर्ने वस्तु,सेवा, निर्माण तथा मालसामान लगायतको खरिद कार्य नियमित तथा प्रभावकारी बनाउन खरिद एकाई बाट तयार गरिएको बार्षिक खरिद योजना स्विकृत गर्ने।

६. तिनाउ गाउँपालिकाको कार्यसम्पादन लाई थप व्यवस्थित प्रभावकारी तथा दिगो बनाई विधिसम्मत कार्यसञ्चालन तथा कार्यान्वयन गर्न देहायका विभिन्न बिषयगत शाखा सँग सम्बन्धित निर्देशिका सर्वसम्मत रुपमा स्विकृत गर्ने।

अ. तिनाउ गाउँपालिकाको सांस्कृतिक डबली तथा पार्क सञ्चालन तथा व्यवस्थापन निर्देशिका,२०८३

आ. तिनाउ गाउँपालिकाको कृषि तथा पशुपंक्षी व्यवसाय प्रर्वद्धन कार्यक्रम कार्यान्वयन निर्देशिका,२०८३

इ. तिनाउ गुणस्तरिय शैक्षिक विकास तथा साक्षरता सुधार परियोजना कार्यान्वयन निर्देशिका,२०८३

प्रवक्ता

निर्णय सार्वजनिक मिति:२०८३/०४/३०